डिलासैनी गाउँपालिकाका अध्यक्षको यातायात सुविधा सम्बन्धी मापदण्ड, २०७५

गाउँसभाबाट पारित मिति: २०७५।३।२६

अध्यक्षबाट प्रमाणीकरण मिति: २०७५।३।२८

प्रस्तावना:

डिलासैनी गाउँपालिकाका अध्यक्षलाई गाउँपालिकाले सरकारी सवारी साधनको सुविधा उपलब्ध नगराउँदासम्मका लागि यातायातको सुविधा उपलब्ध गराउने, सवारी साधनका लागि आवश्यक पर्ने इन्धन र मोबिल लगायतको सुविधा उपलब्ध गराउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले

७ नं. प्रदेशका स्थानीय तहका पदाधिकारीको सेवा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ४ को उपदफा (२) र (३) बमोजिम डिलासैनी गाउँपालिकाको सभाले यो मापदण्ड बनाएको छ।

**१. मासिक यातायात सुविधा:** डिलासैनी गाउँपालिकाको अध्यक्षलाई यातायात सुविधाबापत मासिक रु. १ लाख २० हजार उपलब्ध गराइने छ।

**२. इन्धन र मोबिल:** डिलासैनी गाउँपालिकाको अध्यक्षलाई सवारी साधनमा प्रयोग हुने इन्धन र मोबिलका लागि मासिक रु ११ हजार उपलब्ध गराइने छ।

**३. सुविधा उपलब्ध नहुने:** डिलासैनी गाउँपालिकाले सवारी साधन उपलब्ध गराएको हकमा दफा १ बमोजिमको सुविधा प्राप्त हुने छैन।

डिलासैनी गाउँपालिका